विपद् जोखिम न्यूनीकरण दिवस: नेपालका चुनौती र सम्भावना (२)

✍ खगेन्द्र कार्की

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २६२ ❑ २०८३ असोज २७ गते मंगलबार ❑ Tuesday, 13 Oct. 2026 ❑ मूल्य ७ /-

दसैं बजारमा बढ्यो चहलपहल

अपेक्षा अनुसार ब्यापार नभएको गुनासो

✍ विमल लामिछाने

दमक/ दसैं नजिकिँदा दमकका मुख्य व्यापारिक क्षेत्रमा सामान्य चहलपहल शुरू भएको छ । विगतका वर्षमा दसैं नजिकिएसँगै बजारमा भीडभाड हुने पसलहरूमा यसवर्ष विगतको तुलनामाभने विक्रि वितरण हुन सकेको छैन ।

पूर्वको पुरानो व्यापारिक केन्द्र भनेर चिनिने दमक बजारमा अरू बेलापनि साँझको समयमा निकै भिड हुने क्षेत्र हो । आर्थिक मन्दिका कारण आम उपभोक्ताको क्रयशक्तिमा सिधै असर परेका कारण ब्यवसाय प्रभावित भएको र अपेक्षाकृत ब्यापार हुन नसकेको सम्बद्ध व्यवसायीको गुनासो छ ।

बजारमा किनमेल सामाग्रीहरूको खरिदबिक्रि गर्नेको संख्या न्यून छ । कोरोना महामारी अगाडिका दसैंमा सामान खरिद गर्न आउने उपभोक्ताहरूबाट गुणस्तरीय सामानको माग उच्च हुने भएपनि अहिले सस्तो सामान खोज्ने ग्राहकहरू बढेको दमक उद्योग वाणिज्य संघका अध्यक्ष देवीप्रसाद गुरागाईँ (गोपाल)ले बताए । उनले भने-'पछिल्लो समय केही राम्रो भएको छ । सन्तोषजनक नै छ, तर बाढी र पहिरोका कारण सडक अवरूद्ध हुँदा चिन र भारत जस्ता छिमेकी देशबाट आउने सामान रोकिएर नयाँ र ग्राहकले खोजे अनुसारका सामान दिन सकिएको छैन । उनले भने नेपालमा नै बनेका सामानहरू बेचिरहेका छौं, अहिले विक्रि वितरण रामै छ, बजारमा चहलपहल बढेको छ ।'

दमक बजारस्थित आरसी फर्निचर उद्योगका प्रोपाइटर सीमा अग्रवालले विगत वर्षहरूको तुलनामा ब्यापार नभएपनि अहिले केही चहल पहल बढेकाले आशाबादी भएको बताइन् । उनले विगत चार महिनाको तुलनामा दशैं शुरू भएसँगै ब्यापारमा उत्साह थपिएको र किनमेल गर्नेको संख्यामा बृद्धी भएको बताएकी छन् । उनले भनिन्- 'पछिल्लो समय केही ब्यापारमा बृद्धी भएको छ, दशैं आउन केही दिन बाँकी रहँदा पनि ब्यापार खासै भएको छैन ।'

दमक बजारमा विगतका वर्षहरूमा विद्युतीय उपकरणको व्यापार उच्च हुने गरेपनि यस वर्ष सुस्तता देखिएको छ । चाडपर्वमा विभिन्न कम्पनीले फ्रिज, टिभी वासिङ मेसिन, ल्यापटप जस्ता उपकरणहरूमा छुट दिएपनि ग्राहक आकर्षित नभएको दमक चौकस्थित आरम्भ कम्प्युटर प्रालिका सञ्चालक रमेश लुईटेलले बताए । बाडी पहिरो, देशको बदलिँदो अवस्था र महँगीका साथै सहकारी, सेयर बजार तथा घरजग्गा क्षेत्रमा देपखएको आर्थिक संकटको प्रत्यक्ष असर विद्युतीय उपकरण सामाग्रीको कारोबारमा पनि परेको छ । विद्युतिय सामाग्री अति आवश्यक वस्तुमा नपर्ने हुँदा ब्यापारमा मन्दि छाएको उनको भनाइ छ ।

अहिले हरेक सामानमा मुल्यवृद्धि भएका कारण मोलमोलाइमा बढि समय खर्चिनु परेको ब्यवसायीको अनुभव छ । अहिले ग्राहकको चित्त बुझाएर सामान बिक्रि गर्न झन्झटिलो हुन थालेको दमक चौकमा मोवाइल ब्यवसाय सञ्चालन गर्दै आएका मोवाइल ब्यवसायी संघ दमकका अध्यक्ष तथा दमक उद्योग वाणिज्य संघका सदस्य कुलबहादुर श्रेष्ठ (कविन)ले सुनाए । उनले भने, "पहिला धेरै मोलमोलाई हुँदैन थियो अहिले सामानको भाउ पनि एकदम महँगो छ, बजारमा मूल्यबृद्धीका कारण मानिसमा फष्टेसन आएको छ । उपभोक्ताहरूले विगतका वर्षहरूको मुल्यमा सामान खोज्ने गरेकाले सामान विक्रि गर्न कठीन छ ।" लुइटेलले भने ।

चाडपर्वको मुखैमा अतिआवश्यक सामाग्रीको मुल्य आकासिँदा थोरै खर्चमा आफनो भान्सा चलाउन उपभोक्ता बाध्य भएको बाँकी ४ पेजमा ▸▸

ज्येष्ठ पत्रकारका लागि निवृत्तिभरण शुरू

खोटाङ/ नेपाल पत्रकार महासंघ खोटाङले ज्येष्ठ पत्रकारका लागि निवृत्तिभरण (पेन्सन) वितरण सुरू गरेको छ । पत्रकारिता पेसालाई मर्यादित, सुरक्षित, सम्मानित, व्यावसायिक तथा उत्तरदायी बनाउने उद्देश्यसहित पत्रकार महासंघले मासिक तीन हजारका दरले ज्येष्ठ पत्रकार पेन्सन वितरण सुरू गरेको हो ।

पत्रकार महासंघ खोटाङले सुरू गरेको पेन्सन सुविधा लिने पहिलो पत्रकार प्रेस स्वतन्त्रता सेनानी कृष्ण आचार्य पर्नुभएको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका(१ दिक्तेलका ७२ वर्षीय पत्रकार आचार्यलाई दसैं/तिहार तथा छठ पर्वका अवसर पारेर पत्रकार महासंघ खोटाङले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा तीन महिनाको पेन्सन उपलब्ध गराइएको हो ।

सवारीसाधनको अवस्था परीक्षण

दमक/ सार्वजनिक सवारीसाधनबाट चाडपर्वका समयमा यात्रा गर्ने यात्रुको संख्या बढ्ने भएकाले सवारीसाधनको यान्त्रिक अवस्था र चालकको जिम्मेवारीलाई दमक ट्राफिक प्रहरीले विशेष ध्यान दिएको जनाइएको छ ।

अभियानअन्तर्गत सवारीसाधनको यान्त्रिक परीक्षण गर्नुका साथै चालकले मादक पदार्थ सेवन गरी सवारी चलाए वा नचलाएको विषयमा जाँचसमेत गरिँदै आएको छ ।

त्यसैगरी, सडकमा सवारी चलाउँदा ट्राफिक संकेतको पालना गर्ने, तीव्र गतिमा सवारी नचलाउने, क्षमताभन्दा बढी यात्रु नराख्ने, यात्रुलाई सुरक्षित रूपमा चढाउने र ओराल्ने तथा चालकले आफ्नो जिम्मेवारी पूरा गर्ने विषयमा समेत सचेतना दिइँदै आएको छ ।

कारको ठक्करबाट एक वृद्धको मृत्य

उर्लाबारी । मोरङको उर्लाबारी नगरपालिका-७ बाघखोरस्थित भित्री सडक खण्डमा कारको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ भने एक वृद्धा घाइते भएकी छन् । सोमबार बिहान दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको कारले बाटो काट्दै गरेका पैदलयात्रीलाई ठक्कर दिँदा उर्लाबारी नगरपालिका-७ निवासी ८९ वर्षीय कृष्णबहादुर कार्कीको मृत्यु भएको हो ।

घटनामा गम्भीर घाइते भएका उनको अरनिको अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरस्थित विराट टिचिङ अस्पताल पठाइएको थियो । अस्पतालमा उपचारका क्रममा बिहान ९ बजे चिकित्सकले उहाँलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

त्यस्तै, दुर्घटनामा उर्लाबारी-७ निवासी ८२ वर्षीया रामकुमारी राई घाइते भएको उनको अरनिको अस्पताल उर्लाबारीमा उपचार भइरहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय उर्लाबारीका अनुसार दुर्घटनामा संलग्न कार उर्लाबारी ७ का ४१ वर्षीय योगराज कार्कीलाई नियन्त्रणमा लिइएको छ ।

एम्बुलेन्स दुर्घटना हुँदा दुई घाइते

धनकुटा/ मध्यपहाडी लोकमार्गमा पर्ने धनकुटाको महालक्ष्मी नगरपालिका-५, स्थित स्कुलडाँडामा एम्बुलेन्स दुर्घटना हुँदा दुई जना घाइते भएका छन् ।

विराटनगरबाट शव लिएर भोजपुर जाँदै गरेको एम्बुलेन्स आइतबार राति अनियन्त्रित भइ दुर्घटना भएको हो । दुर्घटनामा चालक भोजपुरको रामप्रसाद राई गाँउपालिका-८, बस्ने अन्दाजी २१ वर्षीय शक्ति राई र सोही ठाउँ बस्ने अन्दाजी ४६ वर्षीय रामनन्द राई घाइते हुनुभएको छ ।

चाडपर्व लक्षित ट्राफिक प्रहरीको निगरानी बढ्दो

दमक/ दसैं, तिहारलगायतका प्रमुख चाडपर्व नजिकिएसँगै ट्राफिक प्रहरीले निगरानी बढाएको छ । चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने, लामो तथा छोटो दूरीका यात्रुको आवागमन वृद्धि हुने र यात्राका क्रममा हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले सचेतना अभियानलाई तीव्रता दिएको छ ।

चाडपर्वका समयमा हुनसक्ने सवारी दुर्घटना न्यूनीकरण, यात्रुलाई सहज र सुरक्षित यात्रा सुनिश्चित तथा चालकलाई जिम्मेवार बनाउने उद्देश्यले उपत्यकाका विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जनाएको छ ।

चाडपर्व सुरू भएसँगै सवारी दुर्घटना न्यूनीकरणका लागि उपत्यका प्रमुख नाकामा नागरिक सचेतना अभियानसहित ट्राफिक प्रहरीको सक्रियता थप बढाइएको छ ।

केवाईसी अपडेटका नाममा ५० लाख ठगी, तीन जना पक्राउ

दमक । रौतहटमा बैंक तथा डिजिटल वालेटका कर्मचारी भएको भन्दै केवाईसी अपडेट गर्ने बहानामा सर्वसाधारणको बैंक खाता तथा डिजिटल वालेटबाट करिब ५० लाख रूपैयाँ ठगी गरेको आरोपमा तीन जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटले गौर नगरपालिका-३ र ५ बाट पक्राउ परेका उनीहरूलाई सोमबार सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा भारतको बिहारस्थित सीतामढीका दुई जना र गौर नगरपालिका-५ का एक जना रहेका छन् । उनीहरु क्रमशः २४ वर्षीय मोहम्मद साहिल, २२ वर्षीया सलोनी बाँकी ४ पेजमा ▸▸

कमजोर भएपछि साथीभाईले तेरो बुद्धि छैन भन्न थाले : ओली

दमक । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सफलता हासिल गर्दा साथ दिनेहरु बढ्ने तर असफलता र कठिनाइका बेला आफ्नै क्षमता र बुद्धिमाथि प्रश्न उठाउनेहरु देखिने बताएका छन् ।

च्यासलमा आयोजित कार्यक्रममा बोल्दै पार्टीले अहिले जटिल परिस्थिति सामना गरिरहेको उल्लेख गर्दै उनले प्रतिकूल अवस्थामा धैर्य र विवेकका साथ अघि बढ्नुपर्नेमा जोड दिए । 'सम्पन्नता हुन थाल्यो, सफलता मिल्न थाल्यो भने साथीभाइको आइरो हुन्छ । तर विपन्नता हुन थाल्यो, असफलता हुन थाल्यो र ओरालो लाग्यो भने ढंग छैन तेरो, बुद्धि छैन तेरो भन्न थाल्छन्,' ओलीले भने । ओलीले स्पष्ट योजना, क्षमता र सक्रियताका साथ बाँकी ४ पेजमा ▸▸

कांग्रेसको मतगणना अझै ३ दिन लाग्ने

दमक/ नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत जारी मतगणनालाई तीव्रता दिन पार्टीको केन्द्रीय निर्वाचन समितिले थप व्यवस्थापन गरेको छ । निर्वाचन समितिका सदस्य तथा अधिवक्ता राजु कटुवालका अनुसार २३ वटा मतगणना स्थलहरूबाट मतगणना कार्य भइरहेको छ ।

अधिवक्ता कटुवालका अनुसार, कुल २३ वटा मतगणना स्थलहरूमा ७ हजार ३९ जना महाधिवेशन प्रतिनिधिहरूको मत गणना भइरहेको छ । यस प्रक्रियामा करिब १ लाख ८४ हजार मतपत्रहरूको गणना सम्पन्न गर्नुपर्ने छ । बढ्दो मतदाता संख्या र क्लस्टरहरूका कारण कामलाई द्रुत बनाउन निर्वाचन समिति लागिपरेको बटुवालले बताए ।

कटुवालका अनुसार बाँकी ४ पेजमा ▸▸

१० क्वीन्टल ४० केजी गाँजा बरामद

दमक/ उदयपुरमा प्रहरीले एकै रात दुई छुट्टाछुट्टै स्थानबाट एक हजार ४० केजी ४४० ग्राम गाँजा बरामद गरेको छ । प्रहरीले गाँजा ओसारपसारमा प्रयोग भएको बोलेरो गाडी नियन्त्रणमा लिएको छ भने एक युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार सोमबार बिहान करिब २ बजे चौदण्डीगढी नगरपालिका-१ चारघरेस्थित रानीटार-बेल्टार भित्री सडकखण्डबाट ९४० केजी ४४० ग्राम गाँजा बरामद भएको हो ।

गाँजा ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले सडकमा पार्किङ गरी राखेको बा १४ च २२५५ नम्बरको बोलेरो गाडी नियन्त्रणमा लिएको थियो। गाडीमा २९ वटा बोरामा राखिएको गाँजा फेला परेको प्रहरीले जनाएको छ । घटनामा संलग्न व्यक्तिहरु फरार रहेकाले उनीहरूको खोजी भइरहेको छ ।

त्यस्तै, आइतबार राति करिब १०:२० बजे कटारी नगरपालिका-६ स्थित सागुरी पुलनजिकैको जंगलबाट प्रहरीले १०० केजी गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले पाँचवटा बोरामा राखिएको गाँजासहित ताप्ली गाउँपालिका(२ का करिब २२ वर्षीय विश्वराज राईलाई नियन्त्रणमा लिएको हो ।

राईले उक्त गाँजा तिनतलेबाट सिराहातर्फ लैजाँदै गरेको प्रहरीले जनाएको छ । दोस्रो घटनामा संलग्न अन्य व्यक्तिहरु पनि फरार रहेकाले खोजतलास भइरहेको छ । पक्राउ परेका राईलाई इलाका प्रहरी कार्यालय कटारीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।

मध्यपहाडी मार्गले अझै पाएन सार्थकता

पाँचथर / मध्यपहाडी मार्गको निर्माण कार्य अन्तिम चरणमा पुगेपनि अझै सार्थकता पाउन सकेको छैन । मध्यपहाडी राजमार्गको उद्गमस्थल नेपाल-भारत (सिक्किम) सीमा याङवरक गाउँपालिका-१ चिवा भञ्ज्याङदेखि याङवरक गाउँपालिका-४ दारिम्बासम्मको झन्डै ५१ किलोमिटर सडक कालोपत्र हुन बाँकी छ । पाँचथरमा पर्ने पुष्पलाल (मध्यपहाडी) राजमार्गको उद्गम खण्ड कालोपत्रको काम अझै अनिश्चित रहेको हो ।

उक्त मार्ग निर्माण कम्पनीको लापरवाहीका कारण अलपत्र परेको हो। ठेक्का लागेको छ वर्ष बाँकी ४ पेजमा ▸▸

नयाँ अलैंचीको कारोबार सुरू

ताप्लेजुङ / पूर्वी पहाडी जिल्लामा नयाँ अलैंचीको कारोबार सुरू भएको छ । नयाँ उत्पादन आउन थालेसँगै सिजनको सुरूआती समयमा अलैंचीको मूल्य ९६ हजारमा कारोबार भएको छ ।

ताप्लेजुङमा नयाँ अलैंचीको कारोबार सुरू भएको छ । प्रतिमन (४० किलोग्राम) को ८४ हजारका दरले कारोबार भइरहेको छ ।

चालु सिजनको सुरूआतमा प्रतिमन ९६ हजारसम्ममा कारोबार भएको अलैंचीको मूल्य क्रमशः घटेको छ । एक साताअघि ८८ हजारका दरले कारोबार भएको अलैंचीको मूल्य अहिले घटेर ८४ हजारमा कारोबार भइरहेको व्यवसायीले बताएका छन् ।

अलैंची व्यवसायी बालमणि बरालका अनुसार अहिले ओसिलो क्षेत्रका बगानबाट उत्पादित अलैंची बजारमा आइरहेको छ । उच्च क्षेत्रमा भने अलैंची

पाक्न अझै केही समय लाग्ने उनले बताए ।

ताप्लेजुङका अधिकांश क्षेत्रमा अलैंचीखेती हुँदै आएको छ । यहाँको प्रमुख नगदेबालीका रूपमा रहेको अलैंचीको मूल्यमा हुने परिवर्तनले किसानको आम्दानीमा प्रभाव पार्ने गरेको छ । नयाँ उत्पादन बजारमा आउने क्रम बढेसँगै अलैंचीको मूल्यमा थप उतारचढाव हुनसक्ने व्यवसायीको अनुमान छ ।

दमक बहुमुखी क्याम्पसको १५ औं क्याम्पस सभा सम्वन्धी सूचना

दमक बहुमुखी क्याम्पसको १५ औं क्याम्पस सभाका लागि सम्पूर्ण सभासदज्यूहरुलाई पत्राचार गरी सकिएको छ । कुनै कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि तपसिल अनुसारको मिति, समय र स्थानमा उपस्थित भइदिनुहुन सम्पूर्ण सभासदज्यूहरुमा सादर अनुरोध गर्दछौ ।

क्याम्पस सभा सम्बन्धी विवरण

➢ मिति : **आज** २०८३ असोज २७ गते, मंगलबार
➢ समय : बिहान ११:०० बजेदेखि
➢ स्थान : दमक बहुमुखी क्याम्पसको सभाहल, दमक, झापा

यज्ञराज गिरी
क्याम्पस प्रमुख

दण्डीराज भण्डारी
अध्यक्ष

दमक बहुमुखी क्याम्पस
दमक-झापा

सम्पादकीय

प्रदेशको सकारात्मक कदम

कोशी प्रदेशको नामांकन भएको साढे तीन वर्षभन्दा बढी समय बितिसक्दा पनि यससम्बन्धी असन्तुष्टि र बहसहरु पूर्ण रुपमा थामिएका थिएनन् । यसैबीच, गत शनिबार बसेको प्रदेशसभा बैठकले प्रदेशसभा सचिवालय सञ्चालन नियमावली पारित गरेसँगै प्रदेशको नाम संशोधनका लागि औपचारिक र कानुनी बाटो खुलेको छ । २०७९ फागुन १७ गते दुईतिहाइभन्दा बढी बहुमतले प्रदेशको नाम 'कोशी' राखिएलगत्तै विभिन्न पहिचान पक्षधर जातीय समूह र राजनीतिक दलहरुले यसको विरोध गर्दै आएका थिए । पहिलो प्रदेशसभाकै नियमावलीका भरमा चल्दै आएको दोस्रो प्रदेशसभाको कार्यकालको उत्तरार्धमा आएर नयाँ नियमावली बन्नु र यसमा संशोधनको स्पष्ट व्यवस्था गरिनु एक ठूलो राजनीतिक घटनाक्रम हो ।

नयाँ नियमावलीको नियम २१२ मा प्रदेशको नाम संशोधन गर्ने प्रक्रियासम्बन्धी व्यवस्था स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम भइसकेको नामकरणमा हेरफेर गर्न चाहनेले प्रदेशसभाको कुल सदस्य संख्याको एकतिहाइ सदस्यको समर्थनसहित सचिवसमक्ष संशोधन प्रस्तावको सूचना पेस गर्न सक्नेछन्। त्यसपश्चात सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा छलफलको मिति र समय निर्धारण गर्ने प्रावधान राखिएको छ । यस व्यवस्थाले लामो समयदेखि असन्तुष्ट पक्षहरुलाई लोकतान्त्रिक र कानुनी मार्गबाट आफ्ना मुद्दा अघि बढाउने अवसर प्रदान गरेको छ ।

नयाँ नियमावली पारित भएपछि राजनीतिक वृत्तमा विभिन्न प्रतिक्रियाहरु आएका छन् । पूर्वमाओवादी तथा सत्तारूढ दलका नेताहरुले यसलाई महत्वपूर्ण उपलब्धि भन्दै खुसी व्यक्त गरेका छन् । संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र मन्त्री खिनु लङ्वा जस्ता नेताहरुले अब नाम सच्याउन सकिने सम्भावना देखेका छन् । यद्यपि, सत्तारूढ दलकै प्रमुख घटक नेकपा एमालेका सांसदहरु र मुख्यमन्त्री हिक्मतकुमार कार्की भने यस विषयमा मौन जस्तै देखिएका छन् । मुख्यमन्त्री कार्कीले सोही दिन पारित भएको सरकारी कामकाजको भाषासम्बन्धी विधेयकलाई ऐतिहासिक भनी खुलेर प्रशंसा गरे पनि नाम संशोधनको विषयमा कुनै प्रतिक्रिया दिएका छैनन् ।

यहाँ यो बिर्सनु हुँदैन कि, एकतिहाइ सांसदले प्रस्ताव दर्ता गर्न पाउने कानुनी बाटो खुले पनि अन्तिममा नाम फेर्नका लागि प्रदेशसभामा दुईतिहाइ बहुमत आवश्यक पर्छ । तसर्थ, यो संशोधन प्रक्रिया केवल प्रस्ताव दर्ता गर्ने चरण मात्र होइन, बल्कि यसले सबै राजनीतिक दलहरुबीच गम्भीर संवाद, सहमति र सहकार्यको आवश्यकतालाई समेत औंल्याएको छ। पहिचानको मुद्दालाई सम्बोधन गर्दै सामाजिक सद्भाव कायम राख्न यो बाटो चुनौतीपूर्ण तर अत्यावश्यक देखिन्छ ।

यसै सन्दर्भमा, कोशी प्रदेशसभाबाट पारित अर्को एक ऐतिहासिक निर्णयले भने सबैको ध्यान खिचेको छ । प्रदेशसभाले नेपाली भाषाबाहेक अन्य १३ वटा मातृभाषालाई पनि सरकारी कामकाजमा प्रयोग गर्न सकिने विधेयक सर्वसम्मतिले पारित गरेको छ । नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) लगायत विभिन्न संघसंस्थाहरुले यस निर्णयको खुलेर स्वागत गरेका छन् । यसलाई भाषिक समानता, मातृभाषाको संरक्षण र समावेशी शासन प्रणालीको विकासतर्फको एक कोसेढुङ्गा मानिएको छ । बहुभाषिक र बहुसांस्कृतिक समाज भएको नेपालमा यस्ता नीतिहरुले नागरिकहरुको राज्यसँगको अपनापनलाई अझ प्रगाढ बनाउँछन् ।

समग्रमा, कोशी प्रदेशमा नाम संशोधनको कानुनी ढोका खुल्नु र १३ वटा मातृभाषालाई सरकारी मान्यता दिनु दुई वटा महत्वपूर्ण पाटा हुन् । एकातिर नामकरणको विषय अझै पनि राजनीतिक सहमतिको कसीमा परीक्षण हुन बाँकी नै छ भने अर्कोतिर भाषिक समावेशिताको निर्णयले संघीयताको मर्मलाई व्यवहारमा उतार्ने काम गरेको छ । अबको नेतृत्वले पहिचान र विकास दुवैलाई सन्तुलनमा राख्दै संवादको संस्कृतिलाई अघि बढाउन नै [illegible] हुनेछ ।

केही प्रेरक भनाइहरु

१. मानिस रुन्छन् तर उनीहरु कमजोर भएर रोएका होइनन् । उनीहरु धेरै समयसम्म कठोर बनिरहनुपरेकोले रुनु परेको हो । - *जोंनी डिप*
२. जान्नको लागि आफूले पिडा पाउनु नै पर्दछ । उठ्नको लागि खस्नुपर्दछ । किनकि जीवनका धेरैजसो पाठहरु पिडाको माध्यमबाट नै सिक्न सकिन्छ । - *बोना मोहम्मद*
३. हरेक सुन्दर चिजको पछाडी त्यहाँ केही न केही पिडा लुकेकै हुन्छ । - *बब डाइलन*
४. मलाई लाग्छ दुखी मानिसहरु नै अरुलाई खुसी बनाउन धेरै मेहेनत गर्ने गर्दछन् । किनकी उनीहरुलाई थाहा छ कि अरुको सामु मुल्यहीन हुनुको अनुभूति कस्तो हुन्छ, यसैले यस्तै अरुले पनि भोग्नु नपरोस भन्ने चाहन्छन् उनीहरु । - *रोबिन विलीयम्स*
५. जीवनको दुखान्त यो होइन कि जीवन छिटै सकिन्छ, बरु यो हो कि हामीले जीवन बाच्न निकै ढिलो गर्दछौ । - विलियम माथर लुइस
६. कोही पनि तपाइको आशुको लायक हुदैनन् तर जो लायकको हुन्छन उनीहरुले तपाईलाई रुन दिनेछैनन् । - गाब्रियल ग्रासिया मार्क्वेज
७. शरीरमा चोट पर यो निको हुन् थाल्दछ तर मनमा घाउ बनाउ यो सधै रहिरहन्छ । - *मिनेको इस्वास्सी*
८. जबसम्म तिमीले कसैलाई गुमाउदैनौ तबसम्म उसको महत्व बुझ्न सक्दैनौ । - *महात्मा गान्धी*
९. जसले आशु पुछ्दैनन उनिहरुले देख्दैनन । - भिक्टर ह्युगो
१०. कहिल्यै प्रेममा नपर्नु भन्दा प्रेममा परेर बिछोडलाई सहनु धेरै राम्रो । - *अल्फ्रेड लर्ड टेंनीसन्*
११. सत्य यो हो कि सबैथोकले तिमीलाई पिडा दिन गइरहेका छन्, वास तिम्रो रोजाई यती हो कि कसको पिडा सहेर बस्ने । - *वव मार्ली*
१२. जबसम्म विछोड हुदैन तबसम्म प्रेम आफैले आफ्नो गहिराइ थाहा पाउन सकेको हुदैन । - *खलिल जिब्रान*

विपद् जोखिम न्यूनीकरण दिवस:

नेपालका चुनौती र सम्भावना

✍ खगेन्द्र कार्की

नदीको बहाव क्षेत्र अतिक्रमण गर्नु, जोखिमयुक्त भिरालो जमिनमा मापदण्डविपरीत बस्ती बसाउनु, कमजोर भवन निर्माण गर्नु र सडक खन्दा भूगर्भीय अवस्था तथा पानीको निकासलाई बेवास्ता गर्नुले जोखिम बढाउँछन् । विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि वैज्ञानिक भूउपयोग योजना, प्रभावकारी वातावरणीय मूल्यांकन, भवन संहिताको कडाइका साथ कार्यान्वयन र जोखिमयुक्त बस्तीको पहिचान आवश्यक छ ।

नेपालमा बाढी, पहिरो, भूकम्प, आगलागी, चट्याङ, डढेलो र अतिवृष्टिजस्ता विपद् हरेक वर्ष दोहोरिन्छन् । यस्ता घटनाले मानिसको ज्यान लिने, परिवारलाई विस्थापित गर्ने, खेतीयोग्य जमिन नष्ट गर्ने र विकासका पूर्वाधार ध्वस्त पार्ने गरेका छन् । विपद् आएपछि उद्धार र राहतमा सक्रिय हुने तर विपद् आउनुअघि जोखिम घटाउन पर्याप्त काम गर्न नसक्ने प्रवृत्ति नेपालको प्रमुख चुनौती हो । त्यसैले अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवस नेपालको सन्दर्भमा औपचारिक कार्यक्रमभन्दा बढी नीति, व्यवहार र विकासको प्राथमिकता पुनर्विचार गर्ने अवसर हो ।

हरेक वर्ष अक्टोबर १३ मा मनाइने यो दिवसको उद्देश्य विपद्का जोखिमबारे जनचेतना बढाउनु र जनधनको क्षति न्यूनीकरणका लागि प्रभावकारी उपाय अवलम्बन गर्न प्रेरित गर्नु हो । सन् २०२६ को दिवसको नारा 'चभकर्षष्भलअभ क्तबचतक बत ज्यmभ' अर्थात् 'उत्थानशीलताको सुरुवात घरबाटै' रहेको छ। संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण कार्यालय (युएनडीआरआर) ले तय गरेको यो नाराले सुरक्षित आवास, परिवारको पूर्वतयारी, जोखिमसम्बन्धी सूचना र समुदायको क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएको छ ।

गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन, २०२४ अनुसार १७ जुलाई २०१८ देखि १६ जुलाई २०२४ सम्म नेपालमा ३२ हजार ३७५ वटा साना तथा ठूला विपद्का घटना अभिलेख भएका थिए । प्रतिवेदनअनुसार यी घटनामा ३ हजार ६७२ जनाको मृत्यु भयो, ४४६ जना बेपत्ता भए र ११ हजार ७५२ जना घाइते भए । विपद्बाट ५७ हजार २७१ घर प्रभावित भए भने ४३ हजार १६८ वटा पूर्वाधारमा क्षति पुगेको विवरण छ । प्रतिवेदनले उक्त अवधिमा आर्थिक क्षति २३ अर्ब ६० करोड रुपैयाँ रहेको उल्लेख गरेको छ । यी तथ्यांकले विपद् नेपाली समाजको नियमित जोखिम बनेको देखाउँछन् ।

प्रतिवेदनअनुसार उक्त अवधिमा आगलागीका १९ हजार ५३४ र पहिरोका २ हजार ८८१ घटना अभिलेख भएका थिए । मृत्युका हिसाबले पहिरोमा ८७८, आगलागीमा ६१९ र चट्याङमा ४७७ जनाले ज्यान गुमाएका थिए । डुबेर मृत्यु हुनेको संख्या ३४६ र बाढीबाट मृत्यु हुनेको संख्या २६० रहेको प्रतिवेदनमा उल्लेख छ । यसले विपद् जोखिम न्यूनीकरणलाई बाढीपहिरोमा मात्र सीमित राख्न नमिल्ने देखाउँछ । घरायसी आगलागी, चट्याङ, डुबान र अन्य स्थानीय घटनाबाट हुने मानवीय क्षति घटाउन पनि व्यवस्थित कार्यक्रम आवश्यक छ ।

२०७२ सालको विनाशकारी भूकम्प नेपालले भोगेको ठूलो राष्ट्रिय विपद् थियो । अन्तर्राष्ट्रिय मुद्रा कोषले उद्धृत गरेको तथ्यांकअनुसार उक्त भूकम्पमा ८ हजार ९६९ जनाको मृत्यु भयो र ५६ लाखभन्दा बढी मानिस प्रभावित भए । आर्थिक क्षति अघिल्लो वर्षको कुल गार्हस्थ्य उत्पादनको २२.८ प्रतिशत बराबर अनुमान गरिएको थियो । भूकम्पले सुरक्षित भवन निर्माण, भवन संहिताको पालना र जोखिमयुक्त संरचनाको सुधार किन अनिवार्य छ भन्ने पाठ सिकाएको थियो । निर्माणकै चरणमा सुरक्षालाई प्राथमिकता दिन नसके भविष्यमा पनि ठूलो मानवीय तथा आर्थिक क्षति दोहोरिन सक्छ ।

२०२४ सेप्टेम्बरको अन्तिम साता भएको बाढीपहिरो अर्को गम्भीर उदाहरण हो । प्रारम्भिक मूल्यांकनमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त घटनाबाट भएको कुल क्षति करिब ४६ अर्ब ६८ करोड रुपैयाँ अनुमान गरेको थियो । क्ष्ँ ले आवास क्षेत्रको क्षतिसमेत समेटेर गरेको प्रारम्भिक आकलनमा कुल क्षति करिब ५६ अर्ब २० करोड रुपैयाँ पुगेको उल्लेख छ । फरक मूल्यांकनको कारण क्षतिको दायरा र आवाससम्बन्धी लागत समावेश गरिएको वा नगरिएको अवस्था हो । यस घटनाले विपद्ले तत्कालीन जनधनको क्षतिसँगै यातायात, ऊर्जा, कृषि, खानेपानी र जीविकोपार्जनमा समेत दीर्घकालीन असर पार्ने देखाएको छ ।

नेपालको भौगोलिक बनावट र मनसुनमा केन्द्रित वर्षाले बाढीपहिरोको जोखिम बढाउँछन् । भूकम्पीय सक्रियता, हिमताल विस्फोटको सम्भावना, तापक्रम वृद्धि र वर्षाको अनियमितताले पनि जोखिम थपिरहेका छन् । तर विपद्बाट हुने सबै क्षतिलाई प्रकृतिको परिणाम भनेर पन्छिन मिल्दैन । नदीको बहाव क्षेत्र अतिक्रमण गर्नु, जोखिमयुक्त भिरालो जमिनमा मापदण्डविपरीत बस्ती बसाउनु, कमजोर भवन निर्माण गर्नु र सडक खन्दा भूगर्भीय अवस्था तथा पानीको निकासलाई बेवास्ता गर्नुले जोखिम बढाउँछन् । विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि वैज्ञानिक भूउपयोग योजना, प्रभावकारी वातावरणीय मूल्यांकन, भवन संहिताको कडाइका साथ कार्यान्वयन र जोखिमयुक्त बस्तीको पहिचान आवश्यक छ ।

विपद् जोखिम न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपायमध्ये एक समयमै सूचना र व्यवस्थित पूर्वतयारी हो । जल तथा मौसम विज्ञान विभागले जारी गर्ने बाढी र मौसमसम्बन्धी पूर्वानुमान जोखिममा रहेका नागरिकसम्म समयमै पुग्नुपर्छ । सूचना प्राप्त भएपछि कहाँ जाने, कसलाई खबर गर्ने र कसरी सुरक्षित स्थानमा पुग्ने भन्ने जानकारी समुदायलाई पहिल्यै हुनुपर्छ । स्थानीय तहले आफ्नो क्षेत्रका जोखिमयुक्त बस्ती, पहिरोको सम्भावना भएका सडक, डुबानमा पर्ने घर तथा आगलागीको जोखिम रहेका स्थानको नक्सांकन गर्नुपर्छ । विद्यालय, अस्पताल र सार्वजनिक भवन सुरक्षित बनाउनुपर्छ । प्रत्येक वडामा आवश्यक उद्धार सामग्री, प्राथमिक उपचारका साधन र सुरक्षित आश्रयस्थलको व्यवस्था हुनुपर्छ ।

नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० लगायतका नीतिगत व्यवस्था छन् । संघ, प्रदेश र स्थानीय तहलाई विपद् व्यवस्थापनको जिम्मेवारी दिइएको छ । तर कानुन र योजना हुनु मात्रै पर्याप्त हुँदैन, तिनको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ । विपद् व्यवस्थापनका लागि छुट्याइएको बजेट कति खर्च भयो भन्ने मात्र होइन, त्यसबाट जोखिम कति घट्यो भन्ने मूल्यांकन पनि हुनुपर्छ । राहत र उद्धारमा खर्च गरिने रकमको केही हिस्सा विपद् हुनुअघि नै जोखिम न्यूनीकरणमा लगानी गर्न सके मानवीय क्षति र पुनर्निर्माणको लागत घटाउन सकिन्छ ।

विपद्ले सबैलाई समान असर गर्दैन । आर्थिक रूपमा कमजोर परिवार, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक र दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई उद्धार तथा पुनःस्थापनामा थप कठिनाइ हुन सक्छ । त्यसैले जोखिम न्यूनीकरणका योजना बनाउँदा उनीहरूको अवस्था र आवश्यकता समेटिनुपर्छ । घरपरिवारबाटै पनि तयारी सुरु गर्न सकिन्छ । परिवारका सदस्यले आपत्कालीन सम्पर्क नम्बर सुरक्षित राख्ने, आवश्यक कागजात र औषधि तयार राख्ने, सुरक्षित निस्कने मार्ग पहिचान गर्ने र स्थानीय चेतावनी प्रणालीबारे जानकारी लिने अभ्यास गर्नुपर्छ । तर घरपरिवारको तयारीले मात्र पुग्दैन । सुरक्षित आवास, भरपर्दो सूचना र आवश्यक स्रोत उपलब्ध गराउनु राज्यको दायित्व हो ।

अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवसले नेपाललाई एउटा महत्त्वपूर्ण प्रश्न सोधिरहेको छ–हामी विपद् आएपछि क्षति गन्ने र राहत बाँड्ने तयारीमा मात्र छौँ कि क्षति हुनै नदिने उपायमा पनि गम्भीर छौँ? विपद्का तथ्यांकले हजारौँ मानिसको ज्यान गएको, लाखौँ नागरिक प्रभावित भएको र अर्बौं रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको देखाउँछन् । यी तथ्यांक विगतका घटनाको अभिलेख मात्र होइनन्, भविष्यमा लिनुपर्ने निर्णयका आधार पनि हुन् । त्यसैले तीनै तहका सरकारले जोखिम न्यूनीकरणलाई विकास योजनाको अभिन्न हिस्सा बनाउनुपर्छ । बजेट विनियोजन, सुरक्षित पूर्वाधार, वैज्ञानिक बस्ती विकास, प्रभावकारी पूर्वसूचना र समुदायको सहभागितालाई प्राथमिकता दिनुपर्छ । •

अन्नपूर्ण पदमार्गमा

पर्यटकको आगमन बढ्दै

दमक/ बाढीपहिरो र हिमपातका कारण प्रभावित बनेको अन्नपूर्ण चक्रीय पदमार्गमा पर्यटकको आगमन पुनः बढ्न थालेको छ । यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षा र हिमपातका कारण सडक तथा पदमार्ग अवरुद्ध हुँदा कमी आएको पर्यटक आगमन थोरङ्ला पास जाने बाटो सहज बनेसँगै बृद्धि हुन थालेको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को धारापानीस्थित पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार अहिले दैनिक १५० देखि २०० पर्यटक आउन थालेका छन् ।

समुद्री सतहबाट पाँच हजार ४१६ मिटर उचाइमा रहेको थोरङ्ला पास जाने पदमार्गमा जमेको हिउँ हटाएपछि मनाङबाट मुस्ताङ जाने पर्यटकलाई सहज भएको उनको भनाइ छ ।

पर्यटकीय 'सिजन' सुरु भएसँगै भदौदेखि पर्यटक आगमन बढ्न थालेको थियो तर असोज ८ देखि ११ गतेसम्मको प्रतिकूल मौसमपछि पर्यटकको आवागमन प्रभावित हुँदा दैनिक एकदुई जनामात्र आउने गरेकोमा अहिले बढ्न थाले सगै सो हाराहारीमा आउन थालेको गुरुङले बताए ।

उनका अनुसार असोज १८ देखि २५ गतेसम्म धारापानीस्थित केन्द्रमा एक हजार ४४७ पर्यटकको विवरण अभिलेख भएको छ । तीमध्ये ८८७ पुरुष र ५६० महिला छन् । उक्त अवधिमा सबैभन्दा बढी इजरायलबाट १४१, अस्ट्रेलियाबाट १२१, जर्मनीबाट १०९, स्पेनबाट १०३ र बेलायतबाट ९७ पर्यटक आएका छन् ।

गत वर्ष मुख्य पर्यटकीय याममा दैनिक ४०० देखि ५०० सम्म पर्यटक आउने गरेकामा यस वर्ष बाढीपहिरो र हिमपातका कारण आगमन प्रभावित भएको गुरुङले बताए । सडक तथा पदमार्ग सहज हुँदै गएमा पर्यटकको सङ्ख्या अझै बढ्ने उनको अपेक्षा छ । अन्नपूर्ण चक्रीय पदमार्ग हिमाली दृश्य, प्राकृतिक सौन्दर्य तथा स्थानीय संस्कृति र रहनसहनका कारण स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

लमजुङको बेँसीसहरबाट मनाङ हुँदै थोरङ्ला पास पार गरेर मुस्ताङ पुग्ने यस पदमार्गमा जगत र धारापानी पर्यटकका महत्वपूर्ण बासस्थान हुन् । मर्स्याङ्दी गाउँपालिका-४, जगत्का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले बाढीपहिरोले गर्दा पर्यटक आगमन घट्दा व्यवसायको आम्दानी शून्यजस्तै बनेको थियो तर अहिले पर्यटक आउन थालेपछि दैनिक १५ हजारदेखि २० हजार रुपैयाँसम्म आम्दानी हुन थालेको बताए । 'गत वर्षको मुख्य पर्यटकीय सिजनमा दैनिक ४० हजारदेखि ५० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको थियो । यस वर्ष बाढीपहिरोका कारण व्यवसाय प्रभावित भयो । केही दिनअघिसम्म पर्यटक नआउँदा आम्दानी शून्यजस्तै थियो, अहिले विस्तारै आउन थालेका छन्,' उनले भने ।

उनका अनुसार जगत्मा करिब २२ देखि होटल सञ्चालनमा छन् । सडकबाटै सिधै मनाङ पुग्ने पर्यटकका कारण पदमार्गका बीचमा पर्ने बस्तीका व्यवसायमा पनि असर पर्ने गरेको उहाँले बताउनुभयो । सडक तथा पदमार्ग सहज हुँदै गएमा आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्ने र व्यवसायमा सुधार आउने उनको अपेक्षा छ ।

मर्स्याङ्दी गाउँपालिका-४, बुङ झरनानजिक होटल सञ्चालन गर्दै आउनुभएका पर्यटन व्यवसायी बाबुराम तामाङले पनि बाढीपहिरोका कारण मुख्य पर्यटकीय सिजनमै व्यवसाय सुनसान बनेको बताए । पछिल्ला दिनमा पर्यटक आउन थालेपछि व्यवसायीमा आशा पलाएको उनको भनाइ छ ।

ज्येष्ठ नागरिकको सम्झनामा दशैं

नयाँ लुगाको सुगन्धदेखि मोबाइलको टीकासम्म:

दशैं भन्नेबित्तिकै नयाँ लुगाको सुगन्ध, घरघरमा हुने पूजाआजा, गाउँमा हालिने पिङ, बाटोघाटो सरसफाई र वर्षदिनपछि भेटिने आफन्तको सम्झना ताजा हुन्छ । केही दशकअघिको दशैंमा ग्रामीण जीवनको छुटै मिठास थियो । खेतीपातीको व्यस्तताबाट विश्राम लिने अवसर बनेको दशैं आउनु अघिदेखि नै गाउँघरमा चहलपहल बढ्थ्यो। तर वैदेशिक रोजगारी, सहरीकरण र प्रविधिको विकाससँगै दशैं मनाउने शैली फेरिँदै सन्दर्भमा विगतका दशैंलाई ज्येष्ठ नागरिक यसरी सम्झन्छन् ।

दमक–५ स्थित बानेश्वर टोलका **योगेन्द्रप्रसाद पराजुली**का लागि दशैं धार्मिक आस्था र सांस्कृतिक निरन्तरताको पर्व हो । देवीभागवत अनुसार चण्डीपाठ, नवदुर्गाको पूजाआजा र पुर्खादेखि चलिआएका संस्कारले दशैंको मौलिकता जोगाएको उनी बताउँछन् । अहिले परिवारका सदस्य आयआर्जनका लागि घरबाहिर हुँदा गाउँमा पहिलेको जस्तो उत्साह थप्ने जमात घटेको उनको अनुभव छ । प्रविधिले पर्व मनाउने शैली बदले पनि दशैंको धार्मिक तथा सांस्कृतिक महत्त्व नघटेको उनको धारणा छ । भोजपुरको चरम्बी, याकु हुँदै आमाको मावली च्याङ्खे मोहरियासम्म पुगेर मनाइने दशैंका सम्झना उनका लागि अझै विशेष छन् ।

पराजुलीका सम्झनामा दशैं किसानको विश्रामको समय पनि हो । धान पाक्ने समयलाई ध्यान दिएर महिनौँअघि खेती लगाइन्थ्यो । दशैंका लागि खसीबोका, हाँस, राँगा र सुँगुर पालिन्थे । दाउरा, खाद्यान्न र अन्य आवश्यक सामग्रीको जोहो गरिन्थ्यो । टीकाको दिन छोरीचेली र नातिनातिना भेला हुने तथा कोसेली बोकेर मावली जाने चलनले पारिवारिक सम्बन्धलाई प्रगाढ बनाउँथ्यो ।

❁✲❁



दमक–५ बानेश्वर टोल निवासी **इन्द्रबहादुर अधिकारी**लाई बाल्यकालको दशैंमा नयाँ लुगा लगाउने उत्साह विशेष लाग्छ । अभिभावकले कपडा किनेर ल्याएपछि दर्जीकहाँ सिलाउन दिएर पालो पर्खिनुपर्थ्यो । दर्जी घरमै आएर कपडा सिलाउँदाको गन्धसमेत मीठो सम्झना बनेको उनी बताउँछन् । अहिले वर्षभरि नै नयाँ लुगा लगाउन पाइने भएकाले दशैंमा नयाँ कपडा लगाउनुको विशेष आकर्षण घटेको उनको अनुभव छ ।

अधिकारीका अनुसार अहिले परिवारका सदस्य विदेशमा हुँदा घरमा ज्येष्ठ नागरिक मात्र रहने अवस्था बढेको छ । नातिनातिना आफ्नै शैलीमा रमाउने र पुराना परम्परालाई कम महत्त्व दिने गरेको उनी बताउँछन् । परिवारमा परेको शोकका कारण आफूले धर्मशास्त्रअनुसार संयमित जीवन बिताइरहेको प्रसङ्ग पनि उनले सुनाए ।

❁✲❁



दमक–५ दिपिनी टोलका निवासी **लक्ष्मण परियार**को दशैं सम्झना भने विराटनगरको सहरी परिवेशसँग जोडिएको छ । बाल्यकालमा जलजला सिनेमा हलअगाडिको कालिका मन्दिरमा नवरात्रभरि हुने कार्यक्रम, बजारमा बेचिने खेलौना र दुर्गापूजामा लाग्ने भीड उनको स्मृतिमा ताजै छन् । त्यसबेला विराटनगरमा ग्रामीण जीवनशैलीको प्रभावसमेत थियो । युवा, युवती र ज्येष्ठ नागरिक पूजाआजामा सहभागी हुन्थे । अहिले दुर्गापूजा र मेला व्यापारमुखी बन्दै गएको तथा पहिलेको सामुदायिक रौनक घटेको उनको बुझाइ छ ।

परियारका सम्झनामा दशैंको तयारी पनि सामूहिक हुन्थ्यो । बाटोघाटो सफा गर्ने, पिङ हाल्ने, खाद्यान्न जुटाउने र घरायसी हतियारमा साँध लगाउने काममा गाउँले व्यस्त हुन्थे । सीमित स्रोतसाधनबीच पनि सामूहिक सहभागिताले पर्वलाई उल्लासमय बनाउँथ्यो ।

आज विदेशमा रहेका सन्तानले मोबाइलबाट टीका ग्रहण गर्ने र भिडियो कलमार्फत आशीर्वाद लिने गरेका छन् । सुविधा बढे पनि परिवारका सदस्य एकै ठाउँमा भेला हुने अवसर घट्दै गएको छ । ज्येष्ठ नागरिकका सम्झनाले दशैंको वास्तविक मिठास नयाँ लुगा वा परिकारमा मात्र नभई आत्मीय भेटघाट, साझा संस्कार र पारिवारिक उपस्थितिमा रहेको देखाउँछन् । समय बदलिँदै जाँदा पनि यही आत्मीयता जोगाउनु नै दशैंको मौलिकता जोगाउनु हो ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

खानपान र जीवनशैली

चाडपर्वमा

दमक/ चाडपर्वको नाममा मासु धेरै खाने चलन स्वास्थ्यका लागि हानिकारक हुन्छ । मोटो शरीर, रगतमा कोलेस्ट्रोल बढी, उच्च रक्तचाप, मधुमेह, युरिक एसिड तथा मधुमेह भएका व्यक्तिले सकभर मासु नखानु नै राम्रो हुन्छ । शरीरलाई पच्ने गरी खाना खानुपर्ने पोषणविद् डा. अरुणा उप्रेती बताउँछिन् ।

घरमै बनाएका परिकार खाँदा शरीरलाई फाइदा पुग्ने भएकाले जतिसक्दो कम मसलायुक्त खाना खानुपर्ने उनले बताइन् । डा. उप्रेतीका अनुसार चिल्लो हालेको खाने कुरा कमभन्दा कम खानुपर्छ । धेरै मसला हालेको खानेकुरा खाँदा विशेषत: मुटुरोगी, युरिक एसिड भएका बिरामीलाई दीर्घकालीन असर पर्ने चिकित्सकहरू बताउँछन् ।

धेरै मसला हालेको खानेकुराहरू खानुहुँदैन । घरमै बनाएको खानेकुरा खाँदा शरीरलाई फाइदा पुग्छ । हामीले प्रयोग गर्ने मासु पुरै स्वच्छ हुनुपर्छ ।

बजारबाट किनेको मासु हो भने ताजा छ या छैन भनेर किन्ने बेलामै ध्यान पुऱ्उनुपर्छ । ताजा मासु रातो देखिन्छ । बासी मासु रङ उडेको र छाम्दा गिलो हुन्छ । धेरै दिन मासु सञ्चित गरेर खानु राम्रो मानिँदैन ।

मसला ठिक्क राखेर पकाएको मासु स्वस्थ मान्छेले दैनिक ६० ग्राम मात्र खानु उपयुक्त मानिन्छ । चिकित्सकका अनुसार चाडपर्वको बेला मात्र खानेले भने २ सय ग्रामसम्म खाँदा असर गर्दैन ।

मधुमेह भएका बिरामीले चिनी र चिनीबाट बनेका परिकार खानुहुँदैन । यस्तै, ड्राइफुड, फलफूल, जंकफुड पनि नखाँदा राम्रो हुन्छ ।

चाडपर्वमा अस्वस्थकर खसी, बोका, राँगा र भैंसीको मासुले टेनिया सोडियम, बंगुरको मासुबाट टेनिया स्याकिटेटा नामक जुका र अस्वस्थ माछा खाँदा एच नाना र अस्वस्थ कुखुराको मासुबाट बर्डफ्लु तथा नपाकेको मासु खानाले दिमागमा ससाना टेपवर्म जाने र त्यसले मानिसको मृत्युसमेत गराउन सक्ने चिकित्सकको भनाइ छ ।

दशैंमा मादक पदार्थ सेवन सकेसम्म नगर्न डा. उप्रेतीको सुझाव छ । 'दशैं स्वभावैले खानपानसँग जोडिएको पर्व हो,' उनी भन्छिन्, 'दीर्घरोगीले यो पर्वमा अलि बढी ध्यान दिन जरुरी छ र स्वस्थ मानिसले पनि स्वास्थ्यको ख्याल गर्दै मसलेदार, चिल्लो तथा पिरो खानेकुरा खाँदा ध्यान पुऱ्याउनुपर्छ, नभए पछि यसले समस्या निम्त्यान सक्छ ।

दैनिक प्रतिव्यक्ति ९० ग्राम मासु खादा धेरै राम्रो मानिन्छ । रातो मासु भन्दा पनि माछा र कुखुराको मासु सेवन गर्नुपर्दछ । धरै फ्राईगरेको मासु खानुहुदैन ।

- ग्यास्टिकले नसताओस भन्नका लागि सकभर उसिनेको वा रसयुक्त मासु खान लाभदायी हुन्छ ।

- एउटा जवान मान्छेले एक दिनमा २५० ग्राम सम्म मासु खान राम्रो हुन्छ । मान्छेको एक किलोग्राम तौलका लागि एक ग्राम प्रोटिन आवश्यक हुन्छ । दुई सय ५० ग्राम खसीको मासुमा सरदर ५० देखी ५५ ग्राम प्रोटिन हुन्छ । थप प्रोटिन अन्य खानाबाट पाइन्छ ।

- मधुमेह, उच्चरक्तचाप, मृगौलामा समस्या, कोलेस्ट्रेरोल बढी भएका व्यक्तिले बोसो नभएका मासु सकभर उसिनेर खानु राम्रो हुन्छ । अझ उसिनेको मासुमा हल्का जिराको धुलो र कागती राखेर खानु उत्तम मानिन्छ ।

- मासु खाएपछि शरीरलाई हलचल वा व्यायम गर्नु राम्रो हुन्छ । त्यसो त शरीरका लागि नियमित रुपमा ४५ मिनेट जति हिडनु राम्रो हुन्छ । मासु खाएका बेला पनि सो प्रक्रियालाई थप्न सकिन्छ ।

पुस्तक-साभार

सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

सुवर्ण शमशेर: निष्ठाको राजनीतिक यात्रा

✍ **कृष्ण धारावासी**

क्रमागत... नेपाली राष्ट्रिय कांग्रेसकालमै देशभित्र भएका विभिन्न आन्दोलनहरूमा संलग्न जनसहभागिताले बिस्तारै क्रान्तिका लागि आम मानसिकता तयार भइसकेको थियो । नयाँ पुस्तामा यो जोसले सबैभन्दा बढी ठाउँ पाएको थियो । शान्तिपूर्ण आन्दोलनभन्दा सशस्त्र क्रान्तिको बाटो नयाँ पुस्ताका लागि जोसिलो हुनु स्वाभाविक थियो। त्यसैले देश बाहिर मात्र होइन, देश भित्रभित्रै युवादस्ता तयार गर्ने र परिचालन गर्ने संयन्त्रको विकास भइरहेकै थियो । क्रान्तिका लागि स्वस्फूर्त युवापुस्ता पार्टीको सम्पर्कमा आइरहेको थियो । सेनामा माथिल्लो पदाधिकारी राणा पुत्रहरु भए तापनि तल्लो तहमा जनताकै छोराहरु रहेका हुँदा यो स्वाभाविक भएको थियो । साथै प्रजापरिषद् पाटी खुलेदेखि नै भित्रभित्रै हुर्किंदै गएको विद्रोहको चिचिलो दिनदिनै छिप्पिदै गइरहेको थियो ।

हतियारको व्यवस्था भइसके पछि क्रान्तिलाई औपचारिकता दिनु अघि त्यसको वैधानिकता आवश्यक थियो। क्रान्तिको नेतृत्व बी.पी. र सुवर्णले पाएका भए पनि त्यसलाई अनुमोदन गराउनु जरुरी थियो। प्रजातान्त्रिक पार्टी भएकाले कार्यकर्ताहरूको पूर्ण समर्थन लिन जरुरी हुन्छ । क्रान्तिमा गइसके पछि पार्टीका नियमित बैठक, निर्णय र अनुमोदनहरु गराइरहन सम्भव थिएन । त्यसैले क्रान्तिको लागि सर्वाधिकार नायकको आवश्यकता थियो, जसको कमाण्डमा क्रान्ति अघि बढ्ने वा रोकिने हुन्नु पर्थ्यो। नत्र हतियार युद्ध अराजक भएमा त्यो प्रत्युत्पादक बन्ने सधैं खतरा रहन्छ । युद्धमा जानु अघि युद्धको नायक चयन हुनै पर्ने हुनाले एक बृहद् कार्यकर्ता भेला बोलाइयो ।

सन् १९५० सेप्टेम्वर २७ र २८ गते नेपाल रौतहट जिल्लाको सीमा नजिकै रहेको भारतको वैरगनियाँ भन्ने ठाउँमा बृहद् सम्मेलनको आयोजना गरियो जसमा देशका विभिन्न ठाउँ र भारतमा रहेका अधिकांश कार्यकर्ताहरु उपस्थित थिए । वैरगनियाँ रेल्वे स्टेशनको छेउको एउटा राइस मिलको गोदाममा सम्पन्न भएको यो सम्मेलन नै नेपाली प्रजातान्त्रिक आन्दोलनको पछिल्लो महत्त्वपूर्ण निर्णायक सम्मेलन बन्यो। यो सम्मेलन हुनु अघि सेप्टेम्बर १५ को युगवाणी साप्ताहिकमा बी.पी. को 'हाम्रो अन्तिम लडाईं शीर्षकको लेख प्रकाशित भएको थियो । जसमा देशको तात्कालिक वस्तुस्थितिको चित्रण गर्दै, पार्टीभित्र उठेका सामान्य विवादहरूको जवाफ दिँदै अबका महत्त्वपूर्ण कार्यहरूलाई तीन बुँदामा समेटिएको थियो । उक्त लेख यस्तो थियो- हाम्रो अन्तिम लडाइँ ।

नेपाली कांग्रेसले अब झट्टै लडाइँको बिगुल फुक्दै छ । राणासरकारविरूद्धको अन्तिम मोर्चाका लागि विभिन्न स्थानीय, समिति बनाएर कार्यक्रमका साथ तयार रहन केन्द्रले आदेश दिइसकेको छ । दुश्मनको तागत के-कस्तो छ भन्ने जाँच्नका लागि छिटफुट लडाईं पनि लडियो। अनेकौं ठाउँमा प्रदर्शन भए र अनेकौं साथी जेल परे । स्याङ्जा, नुवाकोट, परासी, पर्सा, उदयपुरगढी इत्यादि ठाउँमा जनताले सरकारको अत्याचारको बहादुरीका साथ विरोध गरेर आˆनो राष्ट्रिय संस्था नेपाली कांग्रेसप्रति अविचलित भक्ति प्रदर्शित गरेका छन्। हामीले यस्ता स्थानीय आन्दोलन एवं प्रदर्शनबाट हाम्रो र शत्रुपक्ष दुबैको तागतको अनुमान पनि राम्रैसँग लगायौं । सरकारले आत्तिएर यस्ता सङ्घर्ष र प्रदर्शन भएका स्थानमा नितान्त बुद्धिहीन काम गयो। यसबाट सुसङ्गठित जनबलको प्रतिरोध गर्ने क्षमता अब सरकारमा छैन भन्ने प्रस्ट जाहेर हुन्छ । अब जनताले पनि सरकारको अन्तिम घडी आइसक्यो भन्ने राम्ररी बुझिसकेका छन्। अब जनसाधारणमा राणाशासनलाई अन्तिम धक्का दिएर समाप्त गर्नका लागि जनताको संस्था नेपाली कांग्रेसलाई अझै मजबुत बनाउनुपर्छ भन्ने भावना आइसकेको छ । अबउप्रान्त राणासरकारको अस्तित्वले निरन्तरता पाउने-नपाउनेमा उनीहरूको अत्याचार एवं दमनमै निर्भर छ । देशमा अब राणाशाहीलाई समर्थन गर्ने कुनै संस्था, वर्ग, जाति वा श्रेणी छैन । राणाहरु आजसम्म पल्टनमाथि भर परेर बसेका थिए, तर अब त्यो पल्टनतिर पनि कांग्रेसको सन्देश पुगिसकेको छ । कांग्रेस समस्त देशबासीसरह उनीहरूको पनि कल्याण चाहन्छ भन्ने फौजीभाइहरूले राम्ररी बुझिसकेका छन्। तसर्थ, ती फौजी भाइहरु पनि अहिले कांग्रेसप्रति श्रद्धाभाव राख्दछन्। अब राणासरकारलाई आˆनै सिपाहीमाथि पनि भरोसा छैन। यता, कांग्रेसको तागत पनि दिनप्रतिदिन बढ्दै छ। कांग्रेसीहरु सिपाहीलाई पनि आफ्नो मित्र ठान्दछन् । तसर्थ, ऐनमौकामा कांग्रेसलाई सबैले साथ दिनेछन् । देशका तमाम रैती, किसान, मजदुर, सिपाही, कर्मचारी सबैजना धमाधम कांग्रेसको सदस्य बन्दै छन् र सबैजना कांग्रेसको आह्वानअनुसार राणा-शाहीलाई समाप्त गर्न तत्पर देखिन्छन् । अब यही वर्षभित्र राणा-शाही समाप्त हुन्छ भन्ने मेरो दृढ विश्वास छ । एउटा जिम्मेवार मानिसका रूपमा वस्तुस्थितिलाई पूर्णत अध्ययन गरेर मैले राणा-शाही यो वर्षभन्दा बढी टिक्न सक्दैन भनेको हुँ । क्रमश:....

मनोरञ्जन

दसैंको चार चलचित्रको हुँदैछ प्रतिष्पर्धा

दमक/ नेपाली चलचित्रका लागि दसैं केवल चाडपर्वको समय होइन, बक्सअफिसमा आफ्नो शक्ति देखाउने ठूलो अवसर पनि हो । लामो बिदा, परिवारसँगै चलचित्र हेर्ने दर्शकको बढ्दो चहलपहल र स्टार कलाकारप्रतिको आकर्षणले दसैंलाई निर्माताहरूको रोजाइमा पार्ने गर्छ । दसैंमा ठूला कलाकारका चलचित्र एकै समयमा प्रदर्शनमा आउँदा प्रतिस्पर्धा पनि उत्तिकै कडा हुने गर्छ । यसपटकको दसैंमा नेपाली चलचित्र क्षेत्रमा यस्तै प्रतिस्पर्धा देखिने भएको छ, जहाँ चार चर्चित कलाकारका चलचित्र एकअर्कासँग भिड्दै छन् ।

समीर भट्ट र विराज भट्टको '१२ गाउँ-२', पल शाहको 'आ बाट आमा-२', दीपकराज गिरीको 'छ माया छपक्कै-२' र दयाहाङ राईको 'कबड्डी-५' दसैंको छेको पारेर प्रदर्शनमा आउँदै छन् । यी चलचित्रका अघिल्ला शृंखला दर्शकमाझ चर्चित रहेकाले नयाँ भागप्रति पनि अपेक्षा छ । तर, अघिल्ला चलचित्रको सफलता दोहोऱ्याउनु र प्रतिस्पर्धीलाई पछि पार्नु भने सजिलो हुनेछैन ।

एकै समयमा चार चलचित्र, दर्शकको रोजाइमा को ?

प्रदर्शन तालिकाअनुसार '१२ गाउँ-२' र 'आ बाट आमा-२' असोज ३० गते एकैदिन हलमा लाग्नेछन् । त्यसको भोलिपल्ट फूलपातीको अवसरमा 'छ माया छपक्कै-२' प्रदर्शनमा आउनेछ । यी तीन चलचित्र प्रदर्शनमा आएको एक सातापछि 'कबड्डी-५' दर्शकमाझ पुग्नेछ ।

चारै चलचित्रको कथा र विधा भने फरक छन्। '१२ गाउँ-२' एक्सनप्रधान चलचित्र हो भने 'आ बाट आमा-२' मा सामाजिक विषय र प्रेमकथालाई समेटिएको छ । त्यस्तै, 'छ माया छपक्कै-२' र 'कबड्डी-५' सामाजिक परिवेशमा आधारित हास्यप्रधान चलचित्र हुन्। फरक स्वादका चलचित्र भए पनि एउटै चाडमा प्रदर्शनमा आउँदा दर्शकको समय, हल र शोका लागि प्रतिस्पर्धा स्वाभाविक रूपमा बढ्नेछ । दसैंमा चलचित्र हेर्न जाने दर्शकले चारमध्ये कुन रोज्छन् भन्ने प्रश्नले अहिलेको प्रतिस्पर्धालाई रोचक बनाएको छ ।

दैनिक राशिफल

आज मिति २०८३ साल असोज २७ गते मंगलबार 13 Oct. 2026 तिथि: तृतीया

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	व्यापारबाट राम्रो । अन्न भण्डार गर्ने दिन ।
वृष	इ उ ए ओ वा वि वु वे वो	प्रतिष्पर्धा जस्तो कार्यमा सफल । कृषि कार्यमा रुचि।
मिथुन	का कि कु घ ङ छ के को हा	पठनपाठनमा रुचि । आयमा बृद्धि ।
कर्कट	हि हु हे हो डा डि डु डे डो	घरायसी सामान जोडिने । पिताबाट सहयोग ।
सिंह	मा मि मु मे मो टा टि टु टे	शत्रु परास्त । पुरुषार्थले धन कमाउने योग ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	कार्यमा सफल । असल परिकार खान मिल्ने ।
तुला	रा री रु रे रो ता ती तु ते	परोपकारमा मन लाग्ने । जीवनसाथीको प्रगति ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	खर्च बढ्ने । कार्यमा निकै खट्नुपर्ला ।
धनु	य यो भा भी भ धा फा ढ भे	मित्रबाट सहयोग । सामान्य आयमा बृद्धि ।
मकर	भो जा जी खि खू खे खो गा गी	कार्यमा सफलता । भाईबैनीबाट सहयोग ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	धार्मिक क्षेत्रमा काम गर्नुपर्ने । पुरुषार्थ बढ्ने ।
मीन	दि दु थ झ ञ दे दो चा ची	शारीरिक पीडा । अकस्मात केही लाभ हुने योग ।

दसैं... होटल ब्यवसायी अन्जना राईले बताइन् । उनले उनले भनिन-('दिन प्रतिदिन खाद्यान्न सामाग्रीको भाउ बढेकाले अडर अनुसारको सामान बनाएर दिनै गाह्रो भएको छ । पहिलेको तुलनामा अहिले होटलमा आउने मान्छेको संख्या घट्दै गएको छ ।'

केवाईसी...कुमारी सोनी र १८ वर्षीय नितेश कुशवाहा हुन् ।

प्रहरीका अनुसार आरोपितहरूले फोन तथा ह्वाट्सएपमार्फत सम्पर्क गरी केवाईसी अपडेट गर्ने भन्दै भिडियो कलमा स्क्रिन सेयर गर्न लगाउने र गुगल फारममार्फत बैंकिङ विवरण संकलन गरेर ठगी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्राप्त विवरण प्रयोग गरी पीडितको खाताबाट रकम अन्य बैंक खाता तथा क्यूआर कोडमार्फत स्थानान्तरण गर्ने गरिएको प्रहरीले जनाएको छ ।

बैंकिङ ठगीसम्बन्धी हालसम्म २२ वटा उजुरी परेको र ४९ लाख ८७ हजार ३३३ रूपैयाँ ठगी भएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूको साथबाट नेपाली तथा भारतीय रूपैयाँ, सात थान मोबाइल, ११ थान सिमकार्ड, एटीएम कार्ड, चेकबुक र बैंकिङ कारोबारसम्बन्धी कागजात बरामद गरिएको छ ।

कांग्रेस...नेपाली जनसम्पर्क समितिको ९ स्थानमा, आदिवासी जनजाति समूहको ३ स्थानमा, सह–महामन्त्री (महिला र खुला) ४ स्थानमा, पिछडिएको क्षेत्रको २ स्थानमा मत गणना भइरहेको कटुवालको भनाइ छ ।

कटुवालले पार्टीको भौतिक संरचनाले भ्याएसम्मको स्थानहरूमा मतगणना भइरहेको र थप स्थलहरूका लागि कार्यालय बाहिर टेन्ट टाँगेर भए पनि मतगणना बढाउने प्रयास भइरहेको छ जानकारी दिए ।

कमजोर...प्राथमिकता निर्धारण गरेर काम गर्नुपर्ने बताएका छन् । एकैपटक धेरै काममा हात हाल्नुभन्दा योजनाबद्ध रूपमा क्रमशः अघि बढ्दा मात्रै निर्धारित लक्ष्य हासिल गर्न सकिने उनको भनाइ छ । कुनै पनि काम सुरू गर्नुअघि कहाँबाट थाल्ने, कति समयमा कति काम सम्पन्न गर्ने र कहाँ पुगेर टुंग्याउने भन्ने स्पष्ट योजना बनाउनुपर्ने उनको तर्क थियो।

'सबै चिज एकैचोटि गर्ने होइन, मेलो मिलाएर पालैपालो योजनाबद्ध ढंगले काम गर्नुपर्छ,' उनले भने ।

ओलीले काममा सफलता प्राप्त गर्न क्षमता वृद्धि गर्नुका साथै हासिल गरेको क्षमतालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए । नीति निर्माण, निर्णय र योजना तर्जुमा गर्दा विशेष सावधानी अपनाउनुपर्ने उल्लेख गर्दै उनले गलत निर्णयले समय र अवसर दुवै गुम्ने बताए ।

'उल्टो बाटो हिंडियो भने जति उल्टो बाटो हिंडिन्छ, त्यति घाटा पर्छ,' उनले उदाहरण दिंदै भने, 'जानुपर्ने छ पोखरा, लागियो बनेपातिर । बनेपा पुगेपछि थाहा पाइयो भने अर्को मान्छे धादिङतिर कहाँ पुगिसक्या हुन्छ ।'

गलत बाटो समातेपछि लक्ष्यमा पुग्न ढिलाइ हुने र निर्णय सच्याउँदासम्म अरू अघि बढिसक्ने उनको भनाइ थियो । त्यसैले कामको दिशा र निर्णय प्रक्रियालाई सुरूदेखि नै स्पष्ट बनाउनुपर्ने उनले बताए ।

मध्यपहाडी... बित्न लाग्दासमेत निर्माण कार्यले अपेक्षित गति लिन सकेको छैन । तीन चरणमध्ये एउटाको ठेक्का रद्द गरिएको छ ।

विसं २०७७ माघ १९ मा तीन चरणमा कालोपत्रे गर्ने गरी ठेक्का सम्झौता भएकामा कुनै पनि खण्डमा ५५ प्रतिशतभन्दा बढी भौतिक प्रगति हुन सकेको छैन । पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय फिदिमका प्राविधिक शिवरामप्रसाद देवका अनुसार तीन चरणमा क्रमशः १६, १७ र अर्को १७ किलोमिटर रहेको छ ।

पहिलो प्याकेज उद्‌गम विन्दु चिवाभञ्ज्याङबाट सुरू हुन्छ। रू ५३ करोड १७ लाखमा रोशन(शिवशक्ति जेभीले ठेक्का लिएको यस प्याकेजको हालसम्मको भौतिक प्रगति ३५ प्रतिशत रहेको छ ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय फिदिमका प्राविधिक देवका अनुसार सुरूआतमा निर्माण कार्यमा पर्याप्त जनशक्ति, यन्त्र उपकरण तथा स्रोतसाधनको प्रयोग नहुँदा निर्माण कार्यले गति लिन सकेको थिएन। तर पछिल्ला वर्षहरूमा अत्यधिक वर्षा, बाढीपहिरोलगायत कारणले अवरोध आउँदा कालोपत्र निर्माण कार्यले गति लिन नसकेको देवको भनाइ छ ।

यद्यपि यहाँ पछिल्लो समय मुख्य निर्माण कम्पनीले नै सडक मर्मतसम्भारको कार्य गरिरहेको प्राविधिक देवले बताए । करिब १७ किलोमिटरको दोस्रो प्याकेजको भने गत असार ११ गते ठेक्का सम्झौता तोडिएको छ ।

नयाँ ठेक्का लाग्ने निश्चित नहुँदा सडक अलपत्र अवस्थामा छ। सन्तोषी शिवशक्ति जेभीले ४६ करोड ४६ लाखमा ठेक्का लिएको यो प्याकेजको भौतिक प्रगति केवल १६ प्रतिशतमा सीमित भएपछि पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय फिदिमले ठेक्का तोडेको थियो ।

दुर्घटनामा पाँच वर्षीया बालिकासहित वृद्धको मृत्यु

दमक । छुट्टाछुट्टै सवारी दुर्घटनामा परेर आइतवार पाँच वर्षीया बालिका र ७३ वर्षीय वृद्धको मृत्यु भएको छ । कमल गाउँपालिकामा सिटी सफारीबाट लडेर चक्काले किच्दा बालिकाको मृत्यु भएको हो भने दमकमा सुमोको ठक्करबाट वृद्धको ज्यान गएको हो । कमल गाउँपालिका–५ टुकुरेमा आफ्नै बुवा डम्बर लिम्बूले चलाएको सिटी सफारीबाट लडेर चक्काले किच्दा पाँच वर्षीया लोजिना लिम्बूको मृत्यु भएको प्रहरीले जनाएको छ । दमकबाट पेल्टिमारीतर्फ जाँदै गर्दा आइतबार साँझ सफारीबाट लडेकी बालिकालाई उपचारका लागि आम्दा अस्पताल पुर्‍याइएको थियो । तर, चिकित्सकले साँझ ६ बजे उनलाई मृत घोषणा गरेका थिए ।

त्यस्तै, दमक नगरपालिका–९ बुद्धचोकमा सुमोको ठक्करबाट पैदलयात्री ७३ वर्षीय माधवप्रसाद भट्टराईको मृत्यु भएको छ । पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको सुमोले ठक्कर दिंदा घाइते भएका भट्टराईको बिर्तामोडस्थित बी एन्ड सी अस्पतालमा उपचारका क्रममा राति मृत्यु भएको हो। दुर्घटनामा संलग्न सुमो र चालक मोरङको उर्लाबारी नगरपालिका–९ का ३९ वर्षीय विष्णु न्यौपानेलाई प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार चालकसँग सवारी चालक अनुमतिपत्र फेला परेको छैन भने तीव्र गतिका कारण दुर्घटना भएको प्रारम्भिक जानकारी छ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमक झापाको

नदी /खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०८३।०६।२७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२(क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E. प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८३ अनुसूची ६ ले तोकेको दरमा बिक्री गर्ने गरी तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

तपशील

सि. न.	ठेक्का नं.	बोलपत्रको नाम	उत्खनन हुने क्षेत्र	उत्खनन् योग्य परिमाण	न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक)	धरौटी रकम	बोलपत्र फारम दस्तुर रु.
१.	DMO/JHAPA/RVR/DK-RTWA/27/83/84	रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र कमल गाउँ पालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी ।	३४८०० घन मीटर	१,०५,९७१४९।००	कबोल गरेको रकमको ५%	३,०००।-
२.	DMO/JHAPA/RVR/DK-RTWA/28/83/84	रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र चुलाचुली गाउँ पालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी ।	१६००० घन मीटर	५३,११,३७६।००	कबोल गरेको रकमको ५%	३,०००।-
३.	DMO/JHAPA/RVR/DK-MAW0/29/83/84	मावा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र कमल मिक्लाजुङ. गाउँपालिका**को सिमानामा पर्ने मावा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी ।	३६४५० घन मीटर	१,२४,८६,१४८।००	कबोल गरेको रकमको ५%	३,०००।-

● बोलपत्रका लागि देहायका शर्तहरू हुनेछन्, ईच्छुक बोलपत्रदाताले BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ ।

शर्तहरु:

१.प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र सँग सम्बन्धित कागजातहरु तथा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गरेर वा www.damakmun.gov.np मार्फत डाउनलोड गर्न सकिने छ । बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ ।

देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

क्र. स.	कार्यालय / कोड नं.	बैंकको नाम	बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं.	धरौटी खाता नं.
क	दमक नगरपालिका	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	२१४०१००३०१०१०००२	२१४०१००३०३००००००२

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगर पालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका, झापा

विजया दशमी, शुभ दीपावली तथा छठ पर्व
२०८३ को पावन अवसरमा
सम्पूर्ण व्यिवसायी, ग्राहक, शुभेच्छुक तथा देश विदेशमा रहनु भएका नेपाली दाजुभाई/दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना ।

पूर्वाञ्चल गहना उद्योग परिवार
दमक–१, झापा, सम्पर्क ९८२५९४४५१८

नोट : यहाँ नयाँ तथा पुराना डिजाइनका आकर्षण गहना बनाउनुका साथै सुपथ मूल्यमा खरिद बिक्री गरिन्छ ।

विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३।०५।२७

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३।०६।२३ मा स्विकृती प्राप्त भई साविक कम्पनी रविन एण्ड निर्जल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.२०१७३०/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको सि.के. बिल्डर्स प्रा.लि. अंग्रेजीमा **C.K. Builders Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

◆ **प्रधान सम्पादक/प्रकाशक**ः गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**ः खगेन्द्र कार्की ◆ **सहसम्पादक**ः विमल लामिछाने ◆ **बजार व्यवस्थापक**ः केशव खनाल ◆ **लेआउट**ः सुरेन बस्नेत

कार्यालयः दमक–५, झापा, फोनः ०२३–५७०२७२, **मुद्रण**ः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com